**२०७९ साल असार १३ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, (पहिलो संशोधन) २०७९ स्वीकृत गर्ने,

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

३. **आन्तरिक मामिला तथा संचार मन्त्रालयः** सूचना तथा संचार प्रविधि प्रतिष्ठानको कार्यकारी निर्देशकसँग स्पष्टिकरण माग गर्ने,

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा अन्तर्गत प्रदेश सचिवको रुपमा खटिनु भएका सचिव श्री नेत्र प्रसाद सुवेदीलाई अर्को व्यवस्था नभएसम्म आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको विषय समर्थन गर्ने,

५. आ.व.२०७८/७९ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रयोग भएका विभिन्न १७ (सत्र) वटा सवारी साधनको मर्मत खर्च समर्थन गर्ने,

६. आन्तरिक मामिला तथा संचार मन्त्रालयमा सचिव श्री कोमल प्रसाद धमला लामो विदामा रहेकोले अर्को व्यवस्था नभएसम्म श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव श्री दिपक राज नेपाललाई आन्तरिक मामिला तथा संचार मन्त्रालयको सचिवको रुपमा थप जिम्मेवारी तोक्ने,

७. कानून, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रदेश सचिव पदमा नेपाल कानून सेवा रा.प.प्रथम श्रेणीको दरबन्दी कायम गर्ने ।

८. कानून, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रिक्त सचिव पदमा अर्को व्यवस्था नभएसम्म सोही मन्त्रालयमा कार्यरत श्री शारदा बस्याल बेल्वास (अधिकृतस्तर नवौं) लाई निमित्त सचिव को जिम्मेवारी तोक्ने,